भने निष्क्रिय इन्द्रियले वन्धनलाई आफसे आफ खोलिदिन्छ । संसारका सबै पदार्थहरु क्षणभंगुर छन् । जन्मसँग मृत्यु, यौवनसँग बुढेसकाल, सम्पत्तिसँग विपत्ति जोडिएको हुन्छ । जन्म पनि दुःख हो र मृत्यु पनि दुःख । त्यसैले ज्ञानीजनहरु शरीरको ममत्वबाट अलग रहेर आत्मामा रमाउँछन् । महाराजजी मानव जातिलाई शिक्षा दिनुहुन्छ- लक्ष्य अगाडि राख्नुहोस् । भयपूर्ण परिस्थितीबाट नतर्सनुस् । रोग, बुढ्याइ र मृत्युसँग पनि नडराउनुहोस् । बरु जीवनमा यसको सदुपयोग गर्नुहोस् ।

मणिभद्रजी महाराजका अनुभवमा डराएको बेला मानिस आफूलाई एक्लो र निरीह अनुभव गर्ने गर्छ । संयमी पुरुष आफैमा प्रसन्न रहन्छ । किनभने ऊ कसैको प्रलोभनमा पर्दैन ।  कछुवा, आफ्ना अंगहरुलाई खुम्च्याएर शरीरभित्र लुकाउँछ । हात खुट्टा मन, चित्त बोलीलाई संयम गर्नु वीरता हो । इन्द्रियलाई छाडा छोड्नु वीरता होइन कायरता हो । मानिस कायरतापूर्वक होइन वीरतापूर्वक बाँच्नु पर्छ । वीर पुरुषहरु आफूलाई शक्तिशाली र सम्पन्न ठानेर जगतको परोपकार गर्छन् । राग द्वेषबाट मुक्त भई सधैं अरुको भलो चाहन्छन् । महान लक्ष्यमा अघि लम्कनेहरु अध्यात्मलाई धारण गर्छन् । उनीहरु आँफै प्रकाश बन्छन् र समाजमा उज्यालो छर्छन् । उनीहरु विषय-वासना भन्दा माथि हुन्छन् । उनीहरु चाहन्छन्- अर्हतहरुले जुन गति प्राप्त गरे, सिद्धहरुले जुन अवस्था प्राप्त गरे, वितरागहरुले जुन परमानन्द प्राप्त गरे हामीहरुलाई पनि त्यस्तै अवस्था प्राप्त होस् ।

मूर्ख मानिसहरु आशक्ति र काम वासनाले मूर्छित भई सुखको पछाडि दौडन्छन् । उनीहरु सहजै समाधिलाई बुझ्न सक्दैनन् । समाधि उनीहरुका लागि टाढाको विषय बन्न पुग्छ । ध्यानमा लीन हुने साधकहरु आफ्नो दोषलाई परित्याग गर्छन् । त्यसैले ध्यान, सारा दोषहरु मेटाउने अचुक औषधि हो । आत्माको ध्यान गर्नेहरुले परम समाधिलाई प्राप्त गर्दछन् । ध्यान वा समाधिमा डुबेका सन्तमुनिहरु राग द्वेष र इन्द्रियमाथि विजयी बन्छन् । उनीहरुका सारा अज्ञानता र शोक नष्ट हुन्छन् । उनीहरु अविचलित र शान्त हुन्छन् । सधैं सधैं परमानन्द गतिलाई प्राप्त गरी आनन्दित र उमङ्गमय भएर रहन्छन् - मणिभद्रजी महाराज आफ्ना शिष्यहरुलाई सधैं यसरी सम्झाउनुहुन्छ ।

# महावीर महानिर्माण महोत्सवको थालनी

नेपालकेशरी मानवमिलनका संस्थापक श्री मणिभद्रजी महाराजको पोखरा आगमन भएपछि पहिलो पटक भगवान महावीर स्वामीको २५३७ औं महानिर्माण महोत्सव भव्य रुपमा मनाइयो । २०६३ सालमा पहिलो पटक आउनुभएको महाराजले तेस्रो पटक अर्थात् २०६७ सालको चतुर्मास बसाइको अवसरमा यो कार्यक्रम विशेषरुपमा आयोजना गराउनुभएको हो । पोखरेली जनताहरुलाई जैन धर्मका २४ औं तीर्थकर श्री महावीर स्वामीका बारे धेरै ज्ञान दिनका लागि उक्त कार्यक्रम सहायक हुन पुग्यो । कार्यक्रममा पोखराका विभिन्न धार्मिक संघ संस्थाका प्रतिनिधिहरु, पोखराका प्रवुद्ध व्यक्तिहरु, श्रद्धालु जैन धर्मावलम्बीहरुको उपस्थिति थियो ।



मणिभद्र जी बस्नुभएको आश्रममा २०६७ साल भाद्र १७ गते सम्माननीय उपराष्ट्रपति परमानन्द झा महाराजलाई भेट्न आउनुभयो । उहाँसँग विभिन्न विषयमा वार्तालाप गर्नुभई आशिर्वाद ग्रहण गर्नुभयो । मणिभद्र जी महाराजकै विशेष पहलमा पोखरामा पहिलो पटक जैन स्थानक भवनको स्थापना भएको छ । पोखराको एयरपोर्टदेखि पश्चिमपट्टि रहेको जैन स्थानक भवन जैन धर्म र अहिंसाको बारेमा प्रचार-प्रसार गर्ने हेतुले पोखरामा पहिलो पटक स्थापित जैन स्थानक भवनले ऐतिहासिक महत्व राख्दछ । महाराजजीको इच्छा छ- पोखरामा प्रत्येक वर्ष महावीर जयन्ती भव्य रुपमा मनाइयोस् । साथै भगवान महावीरको महानिर्वाण दिवस विशेष कार्यक्रमको निरन्तर आयोजना होस् ।

# राष्ट्रपति भवनमा मणिभद्रजी महाराज

जैन सन्त मणिभद्रजी महाराज नेपालमा महावीर जयन्तीलाई सार्वजनिक विदा दिन अनुरोध गर्दै वि.सं. २०६६ साल चैत्र १३ गते राष्ट्रपति भवन काठमाडौं जानुभयो । महाराजको साथमा वैदिक, जैन, वौद्ध, सिख धर्मावलम्वीहरुको संगठन र अन्तरधार्मिक परिषदका मानिसहरु थिए । सो अवसरमा मणिभद्रजी महाराजले राष्ट्रपतिलाई ज्ञापन पत्र बुझाउनु हुँदै लोकतन्त्र सफलताका लागि अहिंसा, करुणा, दया, अनेकान्त र अपरिग्रह सिद्धान्तका सूत्रधार भगवान महावीर जयन्ती सबैको लागि प्रेरणाको श्रोत हुने वताउनु भयो ।



उक्त अवसरमा राष्ट्रपति डा. यादवले महावीर जयन्तीमा सार्वजनिक विदा सम्बन्धमा आफूलाई प्राप्त अनुरोध पत्र सरकारलाई पठाउने र आफूले पनि सक्दो सहयोग गर्ने वचनवद्धता प्रकट गर्नुभयो ।

उक्त प्रतिनिधि मण्डलमा मानव मिलनका राष्ट्रिय अध्यक्ष नमन उपाध्याय, विश्व हिन्दू महासंघका अध्यक्ष दामोदर गौतम, महिला हिंसा विरुद्ध अन्तर धार्मिक राष्ट्रिय संजालका अध्यक्ष केशवप्रसाद चौलागाई, ओमश्री गोरक्षपीठका प्रमुख विरक्त स्वामी संवुद्धदेव, राष्ट्रिय धार्मिक जागरण अभियानका अध्यक्ष पूर्व सांसद शंकरप्रसाद पाण्डेय, सनातन धर्म सेवा समिति कास्कीका अध्यक्ष रवीन्द्र माकाजू, तेजप्रसाद पौडेल, जैन समाजका कवीन्द्रनाथ मोदी तथा अनुप प्रधान, ऋषिराम पुरी सहभागी थिए ।

# मुनिवर गर्छौं हामी तिम्रो अभिनन्दन !

स्याङ्जा जिल्ला आरुखर्कमा तिमीले जन्म लियौ
आमा विमला र पिता दधिरामलाई हर्षित तुल्यायौ
बढायौ तिमीले कूलको मान र सम्मान
मानवमिलनका प्रणेता मुनिवर गर्छौं तिम्रो अभिनन्दन ॥

सुमति पितामह, विशाल मुनिबाट आशीर्वाद पाई
कठोर साधनामय जीवनमा आफैँसँग रमाई
वस्ती वस्तीमा गई गर्छौं तिमी मिठो प्रवचन
मानवमिलनका प्रणेता मुनिवर गर्छौं तिम्रो अभिनन्दन ॥

सत्य, अहिंसा, अपरिग्रह तिम्रा शिक्षा महान
मौन, त्याग, तपस्या, शील, परोपकार र ध्यान
विश्व ब्रम्हाण्ड रमाऊन् पाएर आत्म ज्ञान
मानव मिलनका प्रणेता मुनिवर गर्छौं तिम्रो अभिनन्दन ॥

मानवताको सेवा नै तिम्रो छ लक्ष्य महान
स्थापना गर्‍यौ तिमीले अन्तर्राष्ट्रिय मानव मिलन
नेपालकेशरी पदले नेपालीकै भयो सम्मान
मानव मिलनका प्रणेता मुनिवर गर्छौं तिम्रो अभिनन्दन ॥

# मणिभद्रजी महाराजको जीवनी

✍ **पुष्पराज वराल**

ऋद्धिसिद्धी हे गुरु गणेश + ब्रम्हा महेश्वर हरि
लेख्छु जीवनी मणिभद्र मुनिको + तिम्रै चरणमा परि ॥

१. सम्वोधन गरुँ म कसरी अहिले + भाइ भनौं कि गुरु ।
सपना कि विपना बुझ्नै कठिन + के बाट गरुँ शुरु ?
भाइ हौ भनौं भने म कसरी + रुपै फरक देख्दछु ।
सेतो वस्त्र छ शरीरमा र मुखमा + पट्टी सेतै देख्दछु ॥

२. चिन्नै मुस्किल भो म हेर्छु अनुहार + खोल्देउ न पट्टि अब
ईश्वर हौ अथवा मुनि को हौ + देखेर चिन्छु तब ।
अर्थै बुझ्न कठिन भयो किन होला. + साच्चै शंकाका कुरा
बोली मात्र सुनिन्छ बोल्ने गुरु लौ + देख्नै नपाइने पुरा ॥

३. हिंड्छौ खुब अति कष्टले हर वखत + न छन पयरमा जुत्ता
खाली खुट्टा बजाउँदै सडकमा + हिंड्छौ नि यता उता ॥
लाउँथे पहिले ऋषि मुनि हरु + पाउमा खराउ भनि
पाइन्छ अभिलेख धेर शास्त्रहरुमा + यसमा किन हो तनि ॥

४. देवता हरु पनि त पहिले + हिंड्थे विमानमा चढी
न त रेल न मोटर सँधै छ पैदल + के छ त यस्मा बढी ॥
उमेर छ कलिलो शरीर छ बलियो + पुगिन्छ जहाँ तहाँ
पुग्ने हो कसरी हरेक स्थानमा + बृद्धा अवस्था महाँ ॥

५. म एउटा अनुरोध गरौं कसो होला + श्री महावीरले पनि
पक्का दण्ड दिनुहुन्न ईश्वर भए + मोटर चढेछन् भनि ॥
अप्ठेरो छ कति भन्न छ सजिलो + के छन् नियमका कुरा
अज्ञानी छु म त धेरै विषयमा + जानेको छैन पूरा ॥